पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. :०७७/७८
चलानी नं./Ref. No. : १०४०

मितिः२०७८/०१/२४

पूर्वखोला गाउँपालिकाको स्थानीय वासिहरुमा अनुरोध

प्रस्तुत विषयमा नेपाल लगायत अन्य देशहरुमा फैलिदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को महामारी फैलिरहेको र यस गाउँपालिकाको विभिन्न वडाका सामुदाय स्तरमा समेत कोभिड-१९ को संक्रमण देखिएकोले जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) पाल्पाको मिति २०७८/०१/१५ को निर्णय र पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश अनुसार मिति २०७८/०१/१७ गते राति १२:०० बजे देखि २०७८/०१/२४ गते राति १२:०० बजे सम्म जारी गरेको पाल्पा जिल्लाभर निषेधाज्ञालाई संक्रमणको अवस्था कायमै रहेको हुदाँ मिति २०७८/०१/२४ गते राति १२:०० बजेदेखि २०७८/०२/०४ गते राति १२:०० बजेसम्मका लागि थप गरिएको हुदाँ यस पूर्वखोला गाउँपालिकामा मिति २०७८/०१/२४ गते पूर्वखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्ञानु प्रसाद पनेरुको अध्यक्षता कोभिड-१९ लगायत विभिन्न महामारिजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीको लागि सरोकारावालाहरु संगको अन्तरक्रिया कार्यक्रमा तपसिल बमोजिमको निर्णय भएको हुदाँ सम्पूर्ण पूर्वखोला वासीहरुले उक्त निर्णयको पालना गर्न गराउनुहुन अनुरोध छ |

निर्णयः

१. एम्बुलेन्स, शववाहन, अत्यावश्यक खाद्य सामग्री मात्र विक्री गर्ने (किराना पसल वाहेक) पसल तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यास, पट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु बाहेक अन्य सवारी साधन संचालमा पूर्णतया रोक लागउने |

२. विवाह बर्तबन्ध एवं अन्य सस्कारजन्य कार्यक्रमहरु घरमै संचालन गर्नुपर्ने र त्यस्ता कार्यक्रममा स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा अपनाई १५ जना भन्दा बढी सहभागी हुन नपाइने |

३. औषधि एवं स्वास्थ्य सामाग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने | अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यास, पेट्रोलियम पदार्थ तथा निर्माण सामाग्रीका पसलहरु दिनमा १ पटक मात्र विहान ७:०० बजेबाट ९:०० बजेसम्म संचालन गर्न पाउने |

४. स्वास्थ्य, सुरक्षा, संचार, विधुत, खानेपानी, बाहेक गैरे सरकारी कार्यालय बैंक तथा वित्तीय संस्थाहरु (लघुवित्त, सहकारी, बिमा कार्यालयहरु) बाट प्रदान गरिने सबै सेवाहरु बन्द गरिने |

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत